नेपाल सरकार
**वाणिज्य मन्त्रालय**

# प्रेस विज्ञप्ती

मिति २०७४/०९/२५ का दिन वाणिज्य क्षेत्रको विकासका लागि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्नुपर्ने विषयहरु, वाणिज्य नीति, २०७२ र नेपाल व्यापार एकिकृत रणनीति, २०१६ लाई प्रभावकारी रुपमा कार्यान्वयनमा अघि बढाउने विषय र व्यापार सहजीकरण तथा नेपालको निर्यात व्यापार सन्तोषजनक नरहेको, आयात बढ्दै गई व्यापार घाटा थप हुदै गएको अवस्थामा व्यापारजन्य क्षमताको विकास खासगरी निर्यात व्यापारको प्रवर्द्धन, कर र गैर करजन्य विषयहरु, व्यापार मूलप्रवाहीकरणका लागि सम्बन्धित निकायले क्षेत्रगत नीति र रणनीतिमा सम्बोधन गर्नुपर्ने विषयका साथै प्रभावकारी समन्वयका विषयहरुमा विभिन्न सरोकारवाला मन्त्रालय र विभागका उच्च तहका पदाधिकारीहरु संगको बैठक सम्पन्न भयो ।

उक्त बैठकको शुरुमा वाणिज्य मन्त्रालयका तर्फबाट नेपालको व्यापार क्षेत्रको विकासःव्यापार मूलप्रवाहीकरण मार्फत निर्यात क्षमता अभिवृद्धि सम्बन्धमा प्रस्तुतीकरण गरिएको थियो । उक्त कार्यपत्रमा व्यापार क्षेत्रको विकासका लागि भएका व्यवस्थाहरु, व्यापार घाटालाई न्यूनिकरण गर्नका लागि विभिन्न निकायहरुको भूमिका, नेपालको संविधान, २०७२ मा व्यापार र वाणिज्य क्षेत्रमा भएका व्यवस्थाहरु, वाणिज्य नीति, २०७२ को दुरदृष्टि, लक्ष्य र उद्देश्य, नेपाल व्यापार एकिकृत रणनीति, २०१६ मा भएका मुख्य-मुख्य व्यवस्थाहरु, चौधौं योजनामा व्यापार र वाणिज्य क्षेत्रमा समेटिएका विषयहरु, निर्यात प्रवर्द्धन सम्बन्धी विभिन्न क्षेत्रगत नीति/रणनीतिहरु, नेपालको बैदेशिक व्यापारको संक्षिप्त विश्लेषण, व्यापारको क्षेत्रमा रहेका समस्या तथा मुद्दाहरु, व्यापार घाटा कम गर्नका लागि सहयोगी भूमिका निर्वाह गर्नु पर्ने निकायहरु प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उद्योग मन्त्रालय, अर्थ मन्त्रालय, कृषि विकास मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पशुपंक्षी विकास मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंचाई मन्त्रालय, उर्जा मन्त्रालय, बन तथा भू-संरक्षण मन्त्रालय, राष्ट्रिय योजना आयोग, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, विज्ञान तथा प्रविधि मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, परराष्ट्र मन्त्रालय, आपूर्ति मन्त्रालय, जनसंख्या तथा वातावरण मन्त्रालय, गृह मन्त्रालय, भन्सार विभाग, नेपाल गुणस्तर तथा नापतौल विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, कृषि विभाग लगायत विभिन्न क्षेत्रगत मन्त्रालयहरुले खेल्नुपर्ने भूमिकाका सम्बन्धमा प्रस्तुत गरिएको थियो ।

उक्त छलफल कार्यक्रममा वाणिज्य मन्त्रालयका सचिव श्री चन्द्र कुमार घिमिरेज्यूले वाणिज्य मन्त्रालयले आयोजना गरेको छलफल कार्यक्रममा उपस्थित हुनुभएकोमा सबै निकायका प्रतिनिधीहरुलाई धन्यवाद दिँदै विशेष गरी उर्जा, खाद्यान्न तथा तरकारी उत्पादनमा वृद्धि गर्नुपर्ने, क्लिङ्करको आयातलाई व्यवस्थापन गर्नुपर्ने, आयातलाई भन्दा बढी निर्यातलाई प्राथमिकता दिनुपर्ने, व्यापार घाटा कम गर्नका लागि विभिन्न सरोकार निकायहरुले आ-आफ्नो क्षेत्रबाट सहयोग गर्न आग्रह गर्नुभयो ।उहाँले उक्त अवसरमा विशेष गरी अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, नेपाल राष्ट्र बैंक, परराष्ट्र मन्त्राय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, अर्थ मन्त्रालय, उर्जा मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले विशेष भूमिका निर्वाह गर्नु पर्ने विषयमा विशेष जोड दिनु भयो ।सो अवसरमा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमको मार्गदर्शन तथा सीमामा विभिन्न मन्त्रालय/निकायहरुलाई व्यापार घाटा कम गर्न सघाउ पुग्ने कार्यक्रमहरु समावेश गर्न राष्ट्रिय योजना आयोग तथा अर्थ मन्त्रालयका पदाधिकारीहरुले समन्वय गर्न सघाउने विचार व्यक्त गर्नु भयो ।

उक्त अवसरमा वाणिज्य मन्त्रालय अन्तर्गतका विभिन्न समिति, केन्द्र, कम्पनी साथै राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, उद्योग मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, उर्जा मन्त्रालय, विज्ञान तथा प्रविधि मन्त्रालय, कृषि विभाग, भन्सार विभाग, नेपाल गुणस्तर तथा नापतौल विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, नेपाल राष्ट्र बैंक लगायतका निकायका प्रतिनिधीहरुले आ-आफ्नो क्षेत्रबाट व्यापार घाटा कम गर्ने विषयमा सहयोग गर्न तयार रहेको धारणा राख्नुभएको थियो ।

मिति:२०७४/०९/२५

२०७४।०९।२५

नवराज आचार्य
शाखा अधिकृत
वाणिज्य मन्त्रालय

नेपाल सरकार
वाणिज्य मन्त्रालय
सिंहदरबार, काठमाडौं